**नेपाल सरकार**

## सूचना तथा सञ्चार मन्त्रालय

## हुलाक सेवा विभाग

## गोश्वारा हुलाक कार्यालय

**सुन्धारा, काठमाडौंको**

# विभिन्न कार्यालय सम्बन्धी सामानहरु खरिद तथा छपाई सम्बन्धी कार्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७४।०८।०२**

यस कार्यालयको लागि आवश्यक पर्ने कार्यालय सम्बन्धी विभिन्न सामानहरु खरिद गर्नुपर्ने भएकोले त्यस्तो सामान आपूर्ति गर्न सक्ने इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी, संस्था वा सप्लायर्सले तपशील बमोजिमको शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिन सम्मको कार्यालय समयभित्र बोलपत्र माग गरेको निवेदन साथ रु. १०।- को टिकट टाँसी नवीकरण भएको संस्था दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ. व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी यस कार्यालयको प्रशासन शाखामा रु. ३०००।- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र फारम साथ नवीकरण भएको संस्था दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ. व. २०७३।०७४ को करचुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु एवं शिलबन्दी बोलपत्र फाराम खरिद गर्दा लिएको नगदी रसिद संलग्न गरेको हुनु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम साथ रु ९६,०००।- कोष तथा लेखा नियन्त्रकको कार्यालय भुक्तानी केन्द्र नं. १ त्रिपुरेश्वरको नाममा राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००२०३ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी भई सूचना प्रकाशित भएको मितिले कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानत ( बिडवण्ड) पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएपछि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) बमोजमको हुन आउने धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा २०७५ आषाढ मसान्तसम्म म्याद भएको Performance Bond पेश गर्नुपर्नेछ ।

४. कुनै व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र फारम अर्को व्यक्ति, फर्म वा संस्थाको नाममा पेश गर्न पाइने छैन ।

५. रीत नपुगी वा म्याद नाघी वा कुनै शर्त राखी दर्ता हुन आएको शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र फारममा उल्लेख गरिएको दररेट अंक र अक्षर दुवैमा भरिएको हुनुपर्नेछ । उल्लेखित दररेट अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. बोलपत्र फारम बुझाउँदा सिलबन्दी गरी खाम बाहिर "**विभिन्न कार्यालय सम्बन्धी सामानहरु खरिद तथा छपाई सम्बन्धी कार्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना**" भनी स्पष्ट रुपमा लेखी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको मध्यान्न १२ बजेभित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दर्ता भएका उक्त शिलबन्दी बोलपत्रहरु सोही दिन दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । सो दिन बिदा परेमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य गरिनेछ ।

८. बोलपत्र आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र सम्बन्धी सूचना कार्यालयको Website www.gpo.gov.np समेत हेर्न सकिनेछ ।

१०. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ र सोही बमोजिम हुनेछ ।

११. यो सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद (संशोधन सहित) नियमावली २०६४ र अन्य प्रचलित नेपाल कानून अनुसार हुनेछ ।